# महिला विरुद्ध हुने लैंगिक हिंसा सम्बोधनका लागि प्रेषण प्रणाली सम्बन्धी कार्यविधि, २०७७

**प्रस्तावना**

लैङ्गिक हिंसा समुदायमा विद्यमान एउटा प्रमुख समस्याको रुपमा रहेको र यस्ता हिंसाबाट विशेष गरी महिला, किशोरी तथा बालिकाहरु अधिक मात्रामा पीडित भईरहेको सामाजिक परिवेशलाई मध्यनजर गर्दै पीडित तथा प्रभावित भएकाहरुले सम्मानित जिवन जिउनका लागि उनीहरुको विविध आवश्यकताहरुलाई सम्बोधन गर्न सुरक्षा तथा न्यायका सेवा प्रदायकहरु बीचको प्रेषण प्रणालीलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले, राजगढ गाँउपालिका ,सप्तरीको कार्यपालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (७) ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि तयार गरी लागू गरेको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "लैङ्गिक हिंसा सम्बोधनका लागि प्रेषण प्रणाली सम्बन्धी कार्यविधि २०७७" रहेको छ ।

(२) यो कार्यविधि सप्तरी जिल्लाको राजगढ गाँउपालिका भर लागू हुनेछ ।

(३) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :**विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधि मा,-

(क) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "स्थानीय तह" भन्नाले सप्तरी जिल्लाको राजगढ गाँउपालिकालाई सम्झनु पर्छ ।

(ग) "समिति" भन्नाले दफा ३ बमोजिम गठन हुने महिला हिंसा विरुद्ध स्थानीय समिति सम्झनु पर्छ ।

(घ) "कार्यपालिका" भन्नाले स्थानीय तहको कार्यपालिका सम्झनु पर्छ ।

(ङ) "प्रेषण प्रणाली " भन्नाले दफा ८ बमोजिमको प्रेषण प्रणाली सम्झनु पर्छ ।

## परिच्छेद - २

## समितिको गठन

३. **समिति सम्बन्धी व्यवस्था :** (१) राजगढ गाँउपालिकामा महिला विरुद्ध हुने हिंसा नियन्त्रण सम्बन्धी कार्यलाई नीतिगत मार्गदर्शन गर्न, पीडित तथा प्रभावितहरुको सुरक्षा तथा न्यायमा पहुँच अभिवृद्धि गर्दै सम्मानित जीवन जिउने वातावरण तयार गर्न र सेवा प्रवाहलाई प्रभावकारी बनाउन नेतृत्वदायी भूमिका निर्वाह गर्ने उद्धेश्यले स्थानीय तह प्रमुख को मार्ग निर्देशनमा रही कार्य गर्ने गरी देहाय बमोजिम लैंगिक हिंसा विरुद्ध स्थानीय समितिको गठन हुनेछ :-

(क) स्थानीय तहका उपप्रमुख -अध्यक्ष

(ख) सबै वडाका अध्यक्षहरु - सदस्य

(ग) वडा सदस्यहरु मध्येबाट स्थानीय तहले कम्तिमा दुई जना महिला सहित मनोनयन

राजगढ गाँउपालिका गाँउ कार्यपालिकाको कार्यालय
२ नं. प्रदेश, सप्तरी, नेपाल

गरेको तीनजना - सदस्य

(घ) स्थानीय तहका प्रमुख प्रशासकीय

अधिकृत - सदस्य

(ङ) स्थानीय प्रहरी प्रमुख - सदस्य

(च) स्थानीय महिला र किशोरी सञ्जालको

एक/एक गरी दुई जना प्रतिनिधि -सदस्य

(च) महिला स्वास्थ्य स्वयंसेविका मध्येबाट

एक जना - सदस्य

(छ) स्थानीय बाल सञ्जालको प्रतिनिधि

एकजना - सदस्य

(ज) स्थानीय पत्रकार एक जना - सदस्य

(झ) लैगिंक हिंसा विरूद्ध कार्यरत स्थानीय

संघ संस्था वा व्यक्तिहरु मध्येबाट

समावेशी सिद्धान्तका आधारमा अध्यक्षले

मनोनित गरेका २ जना - सदस्य

(ञ) स्थानीय तहका सामाजिक शाखाका प्रमुख – सदस्य सचिव

(२) समितिले विषयवस्तुसँग सरोकार राख्ने व्यक्ति वा विज्ञलाई आफ्नो बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) समितिले वर्षभरिमा आफूले गरेको काम कारबाहीको प्रतिवेदन आर्थिक वर्ष पुरा भएको तीन महिना भित्र कार्यपालिका समक्ष पेश गर्नेछ ।

४. **समितिको काम, कर्तव्य र अधिकार** : समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) लैंगिक हिंसाको निरोध गर्न, पीडित वा प्रभावीत व्यक्तिहरुको प्रभावकारी संरक्षण गर्न, पीडित वा प्रभावितलाई परिपूरण गर्न र पीडकलाई कानूनी कारवाही गर्न गराउनका लागि आवश्यक पर्ने पालिका स्तरीय नीति, कार्य योजना, कार्यक्रम र बजेट तर्जुमा गरी कार्यपालिका समक्ष पेश गर्ने,

(ख) स्वीकृत भएको नीति, कार्ययोजना तथा कार्यक्रम कार्यान्वयन गर्ने गराउने तथा कार्यान्वयनको अनुगमन गर्ने,

(ग) लैङ्गिक हिंसा विरूद्ध तालिम सञ्चालन गर्ने तथा जनचेतना अभिवृद्धि गराउने,

(घ) स्थानीय तहमा लैगिंक हिंसाको जोखिममा रहेका व्यक्तिको नक्सांकन गर्ने र आवश्यकता बमोजिम उद्धार, पुनर्स्थापना तथा पुनःएकिकरण गर्ने,

(ङ) उद्धार गरिएका पीडित तथा निजसँग रहेका बालबालिकालाई उनीहरुको पुर्नस्थापना तथा पारिवारिक पुनर्मिलन नहुञ्जेल सम्मका लागि सुरक्षा आवासमा राख्ने व्यवस्था गर्ने,

(च) स्थानीय स्तरमा कुनै पुनर्स्थापना केन्द्र वा सुरक्षा आवास भएमा सो को अनुगमन गरी कार्यपालिका समक्ष प्रतिवेदन दिने,

(छ) लैंगिक हिंसाको निरोध र सम्बोधन गर्न स्वदेशी तथा अन्तर्राष्ट्रिय संघसंस्था, सरकारी निकाय, व्यावसायीक संस्था आदिबीच समन्वय गर्ने,

(ज) नेपाल सरकार, प्रदेश सरकार र अन्य संस्था/निकायसँग समन्वय गरी हिंसा प्रभावितका लागि कार्यपालिकाको निर्णय बमोजिम सेवा कोष स्थापना तथा सञ्चालन गर्ने,

(झ) हिंसा प्रभावितहरुका लागि आवश्यक सहयोगी सेवाको व्यवस्था गर्ने वा सेवा प्रदायकहरुसँग समन्वय एवं सहकार्य गरी सेवा पाउने वातावरण तयार गर्ने,

(ट) हिंसा प्रभावितहरुले सहज रुपमा सेवा पाउने वातावरण बनाउनका लागि अनुसुची- १ बमोजिमको ढाँचामा बर्षमा एक पटक उपलब्ध सेवाहरुको नक्सांकन गरी सो सेवाहरुको विवरण प्रकाशन गर्ने

(ठ) बर्षमा कम्तीमा दुई पटक सेवा प्रदायकहरुको बैठक आयोजना गरी सेवा प्रवाहको समिक्षा गर्ने

(ड) कार्यपालिकाले समय समयमा तोके बमोजिमका अन्य कार्य गर्ने ।

५. **बैठक सम्बन्धी कार्यविधी** : (१) समितिको बैठक प्रत्येक ६ महिनामा कम्तिमा एकपटक बस्ने छ ।

(२) समितिको बैठक अध्यक्षको निर्देशनमा सदस्य-सचिवले तोकेको मिति, स्थान र समयमा वस्ने छ ।

(३) कूल सदस्य संख्याको पचास प्रतिशत्भन्दा वढी सदस्यहरू उपस्थित भएमा समितिकोबैठकका लागि गणपुरक संख्या पुगेको मानिने छ ।

(४) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ ।

(५) समितिको बैठक सम्वन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

६. **सचिवालयको व्यवस्था** :(१) समितिको प्रशासनिक कार्य गर्न देहाय बमोजिमको एक सचिवालय रहनेछ :-

(क) समितिको अध्यक्ष -अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) दफा ३ को उपदफा (१) को खण्ड (झ) बमोजिमका सदस्य मध्येबाट समितिको अध्यक्षले मनोनित गरेका १ जना - सदस्य

(ङ) समितिको सदस्य सचिव -सदस्य सचिव

(२) सचिवालयको बैठक सम्वन्धी कार्यविधि सचिवालयले निर्धारण गरे बमोजिम हुनेछ ।

७. **सचिवालयको काम, कर्तव्य अधिकार** : सचिवालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) समितिको निर्णय कार्यान्वयन गर्ने गराउने,

(ख) समितिले तोके बमोजिमका अन्य कार्य गर्ने ।

## परिच्छेद - ३

## प्रेषण प्रणाली सम्बन्धी व्यवस्था

८. **प्रेषण प्रणालीको व्यवस्था** : (१) स्थानीय तहमा लैंगिक हिंसाको सम्वोधनका लागि समितिको कार्यक्षेत्र अन्तर्गत् रहने गरी एक प्रेषण प्रणाली निर्धारण गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको प्रेषणप्रणाली अन्तर्गत उपलब्ध गराइने प्रमुख सेवाहरु देहाय बमोजिमा हुनेछन् :

(क) मनोसामाजिक सहयोग

(ख) सुरक्षा आवास

(ग) औषधी उपचार सहयोग

(घ) कानुनी सहायता

(ङ) सीपमुलक तालीम र जिविकोपार्जनका लागि सहयोग

(च) शैक्षिक सहयोग

(छ) मेलमिलाप सेवा

(ज) अन्य आवश्यक सहयोग

(३) प्रेषण प्रणाली अन्तर्गत लैंगिक हिंसाको सम्वोधनका लागि अनुसुचि-२ बमोजिमको फारामको प्रयोग गरिनेछ ।

## परिच्छेद - ४

९. **सहायता कोष सम्बन्धी व्यवस्था** : (१) लैगिंक हिंसाबाट पीडित तथा प्रभावितहरुलाई आवश्यक्तामा आधारित सहयोग गर्नका लागि राजगढ गाँउपालिका,सप्तरीले एक सहायता कोषको स्थापना गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकम रहनेछन्:–

(क) नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त रकम,

(ख) राजगढ गाउँपालिकाबाट प्राप्त रकम,

(ग) कुनै स्वदेशी वा विदेशी संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) सेवा कोषको रकमलाई पीडितको उद्धार, राहत, औषधिउपचार, जीवन निर्वाहका लागि राहत तथा सहयोगका साथै न्यायमा पहुँच र संरक्षण सम्वन्धी अन्य आवश्यक्ताहरुको सम्बोधन गर्न समेत परिचालन गर्न सकिनेछ ।

(४) सेवा कोषको व्यवस्थापन र सञ्चालन कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

## परिच्छेद - ५

## विविध

१०. **अधिकार प्रत्यायोजन** : समितिले आफूलाई प्राप्त अधिकारहरूमध्ये आवश्यकता अनुसार केही अधिकार अध्यक्ष, सदस्य, सदस्य-सचिव वा स्थानीय तहको कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

११. **संशोधन गर्न सकिने** : यस कार्यविधिलाई कार्यपालिकाले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

१२. **बाधा अड्काउ फुकाउने अधिकार** : यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा आई परेमा कार्यपालिकाको सहमतिमा समितिले फुकाउन सक्नेछ ।

१३. **प्रचलित कानून बमोजिम हुने** : यस कार्यविधिमा उल्लेख गरिएका व्यवस्थाहरु संघीय र प्रदेश कानूनसँग बाझिएको खण्डमा बाझिएको हदसम्म संघीय र प्रदेश कानून बमोजिम हुनेछ ।

## अनुसूची-१

### सेवा प्रदायकहरुको नक्सांकन गर्ने ढाँचा

### (दफा ४ को खण्ड (ट) सँग सम्बन्धित)

| क्र.सं | सेवा प्रदायकको नाम | प्रदान गरिने सेवाहरु | सेवा प्रदायकको ठेगाना | सम्पर्क व्यक्ति | सम्पर्क नम्वर, इमेल | सेवाको समयावधि | कैफीयत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

## अनुसूची- २

## नमूना प्रेषण फारम

### (दफा ८ को उपदफा (३) सँग सम्बन्धित)

प्रेषण मिति :- .................................घटना दर्ता नम्बर : ............................................

१. प्रेषण गरिएको संस्था/निकाय :

संस्था/निकायको नाम :..........................................................................................

ठेगाना : ..........................................................................

यस फाराममा उल्लेखित विवरण बमोजिमको प्रभावितलाई आवश्यक सहयोग र सेवा उपलब्ध गराउनका लागि त्यस संस्था/निकायमा सिफारिस गरिएको छ ।

प्रभावित र उसको पारिवारिक लेखाजोखा, स्याहार योजना, सेवाको लागि सिफारिस र घटना

प्रभावितको नाम:.................................................................लिङ्ग : ........ उमेर.............................

२. प्रभावितको विवरण :

स्थायी ठेगाना :......................... गापा/नपा ... वडा ..........टोल : ...................... जिल्ला.............

हालको ठेगाना:.......................... गापा/नपा... वडा ..........टोल : ...................... जिल्ला.............

प्रभावितका लागि परिवारको सम्पर्क व्यक्ति:

परिवारको सम्पर्क व्यक्तिको सम्पर्क फोन नम्बर :..................................................................

ठेगाना : ........................

३. घटनाको संक्षिप्त विवरण :

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

प्रभावितको हालको शारीरिक, मानसिक, स्वास्थ्य तथा संरक्षणको अवस्था/स्थिति

..........................................................................................................

..........................................................................................................

सिफारिस गरिएको सेवा, सहयोग तथा कारबाही (तालिका हेरेर भर्ने ) :

..........................................................................................................

संलग्न कागजातहरु : ..........................................................................................

४. प्रेषण गर्ने :

नाम : ....................................... पद/आबद्धता........................................................ हस्ताक्षर

:........................ मिति : ..............

५. घटना बुझिलिनेको:

नाम : .................................................................................नाता/पद:............................

हस्ताक्षर : ..............................................................................मिति : ..............................